स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



मोडल तथा अभिनेत्री गरिमा शर्माले गत साता 'प्रमिस रिङ' लगाएको फोटो सेयर गर्दै आफू प्रेम सम्बन्धमा रहेको घोषणा गरिन्। त्यतिबेला उनले प्रेमीलाई गुपचुप राखेर फ्यानलाई सरप्राइज दिएकी थिइन् । उनको रहस्यमय प्रेमीबारे धेरै अड्कलबाजी पनि भए। आइतबार बेलुका भने उनले आफ्ना प्रेमीलाई सामाजिक सञ्जालमार्फत चिनाएकी छन् ।

**आजको विचार...**



समानुपातिक... (दुई पेजमा)

भुपेन्द्र थापा (माधव)



कांग्रेस नेता समेत रहेका दिनेश कोइरालाले निर्माण गरेको फिल्म 'बिगुल' को प्रदर्शन मिति घोषणा भएको छ। कथाकार समेत रहेका कोइरालाले यो राजनीतिक कथावस्तुको फिल्म १ फागुनमा देशब्यापी प्रदर्शनमा आउने जनाएका छन्। रमेश कोइरालाको निर्देशनमा बनेको फिल्ममा बेनिशा हमाल, नरेन खड्का, नीर शाह, रमेश बुढाथोकी, विनोद न्यौपाने, शिशिर बाङ्देल, हेमन्त बुढाथोकी मीरा पण्डितको अभिनय छ।

❒ वर्ष ३१ अंक १७४ ❒ २०८२ माघ ७ गते बुधबार 21 January 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## चीनको कारखानामा विस्फोट ९ को मृत्यु

(रासस/एएफपी)

**बेइजिङ,** माघ ६/उत्तरी चीनको एउटा कारखानामा भएको विस्फोटमा ज्यान गुमाउनेको सङ्ख्या नौ पुगेको चिनीयाँ सञ्चार माध्यमले मंगलबार जनाएका छन् । विस्पोटमा परी एक जना एकजना व्यक्ति अझै बेपत्ता रहेको स्थानीय उद्धारकर्ताहरूलाई उद्धृत गर्दै सिन्ह्वा समाचार एजेन्सीले जनाएको छ । प्रारम्भिक रिपोर्टहरूले इनर मङ्गोलिया स्वायत्त क्षेत्रको बाओगाङ युनाइटेड स्टिल कारखानामा भएको विस्फोट ६५० घन मिटरको पानी र स्टीम ट्याङ्कीबाट भएको देखाएको थियो । सिन्ह्वाले यस अघिको विस्फोटमा घाइते भएका ८४ जनालाई उपचारका लागि अस्पताल लगिएको बताएको थियो । सामाजिक सञ्जालमा आएको फुटेजमा कारखानाको छत र भग्नावशेष, माथिको धुवाँ र घटनास्थलमा फायर इन्जिनहरू देखाइएको छ । स्थानीय बासिन्दाहरूले विस्फोटले उनीहरूको घरहरू हल्लाएको र झ्यालहरू च्यातेको बताएका छन् । गत जुन महिनामा मध्य चिनको हुनान प्रान्तको एक कारखानामा भएको विस्फोटमा ९ जनाको मृत्यु भएको थियो भने २६ जना घाइते भएका थिए ।

# देशभर उत्साहजनक उम्मेदवारी दर्ता

### *उम्मेदवारहरूले फूलमाला लगाएर बाजागाजाका साथ दलबल लिएर जिल्ला सदरमुकाममा खोलिएका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा गई मनोनयनपत्र दर्ता गराएका थिए ।*

**हाम्रा संवाददाता**

पाल्पा, माघ ६/आगामी फागुन २१ हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पाल्पाका दुई वटै क्षेत्रसहित देशभरका निर्वाचन क्षेत्रमा उत्साहजनक रूपमा उम्मेदवारीको मनोनयन दर्ता भएको छ । निर्वाचन आयोगका अनुसार देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा उत्साजनक रुपमा उम्मेदवारी दर्ता भएको हो ।

मंगलबार सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा समय निर्धारण गरिएको थियो । निर्वाचन आयोगका अनुसार २७५ स्थानका लागि राजनीतिक दल र स्वतन्त्रबाट गरी साँझ ६ बजेसम्मको विवरणमा दुई हजार नौं सय २५ उम्मेदवारले मनोनयनपत्र दर्ता गराएका छन् । ३३६ महिला र दुई हजार ५८९ पुरुषले उम्मेदवारी दर्ता गराएको छन् । अझै कतिपय निर्वाचन क्षेत्रमा रुजुको काम भइरहेकाले यसमा केही बढ्न सक्ने आयेगले जनाएको छ । पाल्पाका दुई वटै निर्वाचन क्षेत्रमा अत्यन्त उत्साह र सौहार्द





वातावरणमा मनोनयन दर्ता भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । उम्मेदवारको मनोनयन दर्तासँगै निर्वाचन समयमै हुने विश्वास बढेको जनाइएको छ । निर्वाचनको माहोल बन्दै गएको र उम्मेदवारको मनोनयनसँगै जिल्ला-जिल्लामा निर्वाचनको रौनकता छाएको आयोगले जनाएको छ । मनोनयन दर्ताका लागि बिहान १० देखि अपराह्न ५ बजेम्म समय तोकिएको थियो । उम्मेदवारहरूले फूलमाला लगाएर बाजागाजाका साथ दलबल लिएर जिल्ला सदरमुकाममा खोलिएका मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा गई मनोनयनपत्र दर्ता गराएका थिए । एक जनाले प्रस्ताव र अर्को एक जनाले समर्थन गरी सहीछाप गरेको मनोनयनपत्रसहित प्रतिनिधिसभातर्फ पहिलो हुने निर्वाचन हुने प्रणालीतर्फ मनोनयन दर्ता गराइएको थियो ।

*-बाँकी अन्तिम पेजमा...*

## जाडोबाट बच्ने उपाय

-जाडो मौसममा शितलहर, हिमपात, हुस्सु तथा कुहिरो लाग्न सक्ने हुँदा अत्यधिक चिसो हुन सक्छ।
-चिसोको कारण प्रदुषण बढ्ने गर्छ।
-चिसो तथा प्रदूषणको कारण रुघा, खोकी, ज्वरो, सास फेर्न गाह्रो हुने तथा दम बढ्ने समस्या हुन सक्छ ।
-चिसो तथा प्रदूषणले मुटु, फोक्सो, मस्तिष्क लगायतका अङ्गमा गम्भीर असर पुग्न सक्छ।
बृद्धबृद्धा, गर्भवती महिला तथा दमका विरामीलाई गम्भीर असर पार्न सक्ने हुँदा धुलो, ८ बालबालिका, बुद्धवृद्धा, ग धुँवा तथा चिसोँबाट बचौं र बचाओं।
-सकेसम्म घरभित्रै बसौं, निस्कनै पर्ने भए न्यानो कपडा लगाएर मात्र निस्कौं।
कुनै समस्या परे चिकित्सकसंग परामर्श गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सरकारबाट राजीनामा दिएर चुनावी मैदानमा चार मन्त्री

**पाल्पा,** माघ ६/वर्तमान अन्तरिम सरकारका चार जना मन्त्री राजीनामा दिएर चुनावी मौदानमा उत्रिएका छन् । निर्वाचन गराउने प्रमुख जिम्मेवारीसहित गठन भएको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारमा मन्त्री बनेका कुलमान घिसिङ, बब्लु गुप्ता, जगदीश खरेल र महावीर पुनले राजीनामा दिएर प्रतिनिधिसभा सदस्य निर्वाचनको मैदानमा होमिएका हुन् ।

मंगलबार बिहान मात्रै राजीनामा दिएका शिक्षा विज्ञान तथा प्रविधिमन्त्री पुनले म्याग्दी निर्वाचन क्षेत्र नं -१ बाट प्रतिनिधिसभास सदस्यमा स्वतन्त्र उम्मेदवारी दिर्ता गराएका छन् । निवर्तमान ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्री घिसिङ काठमाडौं निर्वाचन क्षेत्र नम्बर ३ बाट चुनाव लड्दैछन् । निर्वतमान सञ्चार तथा सूचना प्रविधि मन्त्री खरेल ललितपुर निर्वाचन क्षेत्र नम्बर २ बाट चुनाव लड्दैछन् । निर्वतमान युवा तथा



खेलकुद मन्त्री गुप्ता पनि राजीनामा दिएर चुनावमा होमिएका छन् । गुप्ता सिराहा १ बाट चुनाव लड्दैछन् । आगामी फागुन २१ गते हुने निर्वाचनका लागि मन्त्री पदबाट राजीनामा दिएर उनीहरुले उम्मेदवारी दर्ता गराएका हुन् । यसअघि उनीहरुले वर्तमान सरकारको स्वतन्त्र पहिचानमा आँच आउन नदिन दलीय राजनीतिको मैदानमा छिर्नु अघि पदबाट राजीनामा दिने घोषणा गरेका थिए । मन्त्री पदबाट राजीनामा दिएपछि ऊर्जामन्त्री घिसिङले आफ्नै नेतृत्वमा उज्यालो नेपाल पार्टी गठन गरेका छन् । उनी त्यसअघि नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक थिए । गुप्ता जेनजी आन्दोलनका अगुवा तथा सामाजिक अभियन्ताका रुपमा परिचित छन् । उनी राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट उम्मेदवारी दिएका हुन् । खरेल दुई दशक बढी समयदेखि पत्रकारिता क्षेत्रमा सक्रिय थिए । मन्त्री बन्नुअघि उनले इमेज टेलिभिजनको सम्पादकीय नेतृत्व सम्हालेका थिए । खरेल पनि राष्ट्रिय स्वतन्त्र पार्टीकोतर्फबाट उम्मेदवारी दर्ता गराएका छन् । यस्तै पुन राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक एवं वैज्ञानिक हुन ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## निर्वाचन आचारसंहिता पालना गरौं

देश अहिले निर्वाचनको सँघारमा छ । आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि मंगलबार उम्मेदवारहरुले मनोनयन दर्ता गराएका छन् । निर्वाचनको मिति नजिकिदै गर्दा राजनीतिक दलका नेता कार्यकर्ताहरु निर्वाचनलाई लक्षित गरी विभिन्न कार्यक्रमहरुमा दौडधुप गर्न थालेका छन् । दल र उम्मेदवारको सूचीमा परेकाहरु मुख धोएर गाउँ–गाउँ पस्न थालिसके । यो समयमा निर्वाचन आयोगले निर्वाचन आचारसंहिता समेत जारी गरेको छ । आचारसंहिता राजनीतिक दल तथा उम्मेदवारलाई मात्र लागु हुन्छ भन्ने अर्थमा बुझ्नु हुँदैन । आचारसंहिता देशभर लागु हुन्छ । निर्वाचन आयोगले राजनीतिक दल र उम्मेदवार, राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्ति, नेपाल सरकार र नेपाल सरकारका मन्त्री, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था र स्थानीय निकाय, सबै आमसञ्चारका माध्यमका लागि आचारसंहिता लागू हुने उल्लेख गरेको छ । त्यसैगरी नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायका कर्मचारी र निर्वाचन कार्यमा संलग्न कर्मचारी तथा सुरक्षाकर्मी, गैरसरकारी संघ/संस्था र निर्वाचन प्रयोजनको लागि आयोगले खटाएको स्वयंसेवकलाई आचारसंहिता लागू हुने स्पष्ट पारेको छ । यो अत्यन्त राम्रो हो । स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनको लागि निर्वाचन आचारसंहिताको पालना हुनु आवश्यक छ । निर्वाचन प्रक्रियामा सहभागी हुने सबै पक्षको सन्तोषजनक नैतिक व्यवहार भयो भने मात्र निष्पक्ष निर्वाचन सम्भव हुने हो ।

लोकतान्त्रिक प्रणालीमा निर्वाचन नै देशको भविष्य निर्धारण गर्ने मुख्य माध्यम हो । आचारसंहितालाई बेवास्ता गर्दै नियम विपरीत दलका गतिविधि कुनै पनि अवस्थामा मान्य हुन सक्दैन । आचारसंहिता पालना गर्नु सबैको दायित्व र कर्तव्य हो । निर्वाचन आचारसंहिता विगतका निर्वाचनमा पनि कार्यान्वयनमा ल्याइने गरेकै थियो तर कार्यान्वयनमा भने कमीकमजोरी देखापर्ने गरेका थिए । आचारसंहिता छलेर कार्य भएका गुनासा व्यापक थिए । खास गरी निर्वाचनमा पद र पैसाको दुरुपयोग हुने गरेको थियो । धेरै पैसा खर्च गरेर चुनाव जितेको प्रतिनिधिले पदमा पुगेपछि जनसेवा गर्छ वा आफूले गरेको खर्च उठाउनतिर लाग्छ भन्ने स्पष्टै छ । लागू भएको आचारसंहिता विपरीत जाने छुट कसैलाई पनि छैन । निर्वाचन प्रक्रियामा सहभागी हुने सबैका लागि निर्वाचन आचारसंहिता बाध्यकारी नियम हो । जसको पालना नगरे जोकोही पनि कडा कारबाहीको भागीदार हुनुपर्छ । यसर्थ निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन सबै पक्षले आचरसंहिताको पूर्ण रुपमा पालना गरौं ।

### Opinion @ Socia Network

भाग्यमा लेखेजती मात्र मिल्छ, देखेको पाउनेभए त
कस्को ईच्छा हरु अधुरो रहन्थ्ये होला र !

*(एमुना कुंवरको **फेसबुक स्टाटसबाट** www.facebook.com/Yamun.Kunwar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समानुपातिक प्रणालीमा लेनदेनको धन्दा



भुपेन्द्र थापा (माधव)

> *समानुपातिक प्रणालीप्रति नयाँ भन्नेहरूले गरेको समावेशिताको भद्दा मजाकले निमुखा असहाय अल्पसंख्यक पिछडिएको समुदायप्रतिको शंकास्पद दृष्टिकोणले परम्परागत पुराना दल, राज्यले गरेको उपेक्षा, नयाँले देखाएको आधुनिकतावादी नांगो चरित्रले आगामी समाजको अन्तरविरोध झन् झन् चर्केर जाने प्राय: प्रष्ट छ । तबमात्र सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक उत्पीडनमा परेका समुदायभित्रका व्यक्ति समानुपातिक प्रणालीमा समेटिने आधार निर्माण हुनेछ । यसले समाजमा दबिएका सिमान्तीकृत भूँइ मानिस, सदियौंदेखि अपेक्षमा परेका शोषित पीडित वर्गका लागि सांसद र मन्त्रीसम्म बन्ने अवसरको ढोका खुल्नेछ ।*

आसन्न फागुण २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फ नयाँ-पुराना दलहरूले पेश गरेको बन्दसूचीले दलहरूको आँखामा मोतिबिन्दु लागेको अनुभूति आममा गराउँछ । सामाजिक, आर्थिक र राजनीतिक लाभबाट टाढा पुगेको पीछडिएका महिला, दलित, आदिवासी-जनजाति, मधेसी, थारू, मुस्लिम एवं अल्पसंख्यक राउटे, चेपाङ र डुम समुदायलगायत पिछडिएको खसआर्यलाई प्रतिनिधित्व गराउने उद्देश्यसहित पटक-पटकको विद्रोह, संघर्ष, क्रान्ति, आन्दोलन र परिवर्तनबाट संविधानमा नै व्यवस्था गरिएको प्रणाली हो । दुर्भाग्यवस फागुण २१ गते हुँदै गरेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६० भन्दा बढी दलहरूले समानुपातिक उम्मेदवारको बन्दसूचीमा उपेक्षित सिमान्तकृत वर्ग, जाति, लिंग र क्षेत्रलाई पाखा लगाएर समाज, पार्टी र राज्यमा पकड जमाउन सफल पहुँचवालालाई नै प्राथमिकता दिएका छन् । प्रत्यक्ष निर्वाचनमा भाग लिन नसक्ने लिए पनि जित्न नसक्ने उपेक्षित सिमान्तकृत वर्गका लागि छुट्याइएको समानुपातिक प्रणाली नातावाद, कृपावाद, परिवारवाद, लोकप्रियतावाद, सर्वसम्पन्नवादको झोलीमा आफ्नो लेनदेनको स्वार्थमा साटिएको छ । समानुपातिक प्रणाली सिद्धान्तमा समावेशी र न्यायपूर्ण व्यवस्था भए तापनि अभ्यासमा दलाल बिचौलिया, घरानीया र पहुँचवालाले यसको पूर्ण अवमूल्यन गरेका छन् । ट्रान्सपरेन्सि इन्टरनेसनल नेपालको अध्ययन अनुसार समाज र राजनीतिमा देखिएको उही पुरानो परम्परागत अन्यायपूर्ण प्रचलनको नयाँ संस्करणले समानुपातिक प्रणालीप्रति आमजनतामा वितृष्णा जन्माइदिएको छ । गत भदौ २३-२४ मा भएको जेनजी विद्रोहपछि नयाँ सच्चिने छन् पुराना सकिने छन् भन्ने लागेको थियो । नयाँ भन्नेहरूबाट एउटै पनि गल्ती कमजोरी हुने छैन, नयाँलाई पुराना पार्टी र नेतृत्वले औंला उठाउने मौका पाउने छैनन्, विडम्बना नयाँ राजनीतिक रंगमञ्चमा दु:खी, गरिब, असहाय, किसान, मजदुर र पिछडिएको क्षेत्र र समुदायका निमुखा वर्ग, जातिको कोटाबाट मिस नेपाल, भ्रष्ट, दलाल, राष्ट्रघाती, जनघाती, ठेकेदार, सभ्रान्त, घरानीया, आफ्ना, आफन्त परिवारमात्र नभएर साथीभाइ, छिमेकी र ससुरालीसम्म समावेशीताको दुर्गन्ध फैलियो । समानुपातिक प्रणालीप्रति नयाँ भन्नेहरूले गरेको समावेशिताको भद्दा मजाकले निमुखा असहाय अल्पसंख्यक पिछडिएको समुदायप्रतिको शंकास्पद दृष्टिकोणले परम्परागत पुराना दल, राज्यले गरेको उपेक्षा, नयाँले देखाएको आधुनिकतावादी नांगो चरित्रले आगामी समाजको अन्तरविरोध झन् झन् चर्केर जाने प्राय: प्रष्ट छ । समानुपातिक प्रणालीलाई स्थायित्व दिने हो भने समाजमा देखिएका शंका र असन्तुष्टिका खाडल पुर्ने हो भने पार्टीको मुख्य नेतृत्वको लेनदेन स्वार्थमा सीमित समानुपातिक प्रणाली खोसेर खुल्लासूचीको व्यवस्था गर्न सक्नुपर्दछ । तबमात्र पारदर्शिता जवाफदेहिता र निष्पक्षता हुनेछ । तबमात्र सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक उत्पीडनमा परेका समुदायभित्रका व्यक्ति समानुपातिक प्रणालीमा समेटिने आधार निर्माण हुनेछ । यसले समाजमा दबिएका सिमान्तीकृत भूँइ मानिस, सदियौंदेखि अपेक्षमा परेका शोषित पीडित वर्गका लागि सांसद र मन्त्रीसम्म बन्ने अवसरको ढोका खुल्नेछ । संविधानले दिएको आर्थिक, सामाजिक र राजनीतिक अवसर समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका मूल्य, मान्यताहरू पहुँचवालाहरूले खोसेर खाएका छन् । यसले समतामूलक समाज निर्माणको संकल्प संविधानको धारा एवं उपधारामा मात्र सिमित हुन पुगेको छ । संविधानले सुनिश्चित गरेविपरीत सामाजिक अन्याय, विभेद, शैक्षिक असमानतालगायत दृष्टिले अगाडि बढ्न नसकेका लागि राज्यका सम्पूर्ण निकायमा सहभागिताको हक दिलाउने संवैधानिक र सामाजिक व्यवस्था समानुपातिक हो । समाजमा फैलिएको अनैतिक प्रवृत्तिले परम्परागत राजनीतिक दलमाथिको आक्रोश नयाँको उदांगो चरित्रका कारण आगामी सुन्दर नेपाल र समृद्ध एवं सुखी नेपालीको सपना पार्टीको नारा र कोरा घोषणा पत्रमा सीमित हुनेछ । नयाँ पुराना राजनीतिक दल र त्यसको नेतृत्वले सिफारिश गरेका समानुपातिक सूचीमा समावेश गरिएका अनुहार संविधानको धारा-उपधाराको भावनाविपरित देखिन्छन् । जो निरन्तर अवसर र लाभको बाक्लो दूधको तर मार्दै आएका पटक-पटक सांसद र मन्त्रीसम्म भएकालाई अघिसारेर आफ्नो स्वार्थको हाँडीमा खिचडी पकाइरहेका दल र नेतृत्वबाट समानुपातिक समावेशिता सिद्धान्तको लोकतान्त्रिक, वैचारिक पारदर्शिता र जवाफदेहिताको कस्तो अपेक्षा गर्न सकिन्छ ? विद्यमान समानुपातिक निर्वाचन प्रणाली समाजको सबैखाले अन्तरविरोध र असमानताको अझ बल्झिने रोगको रूपमा फैलिने देखिन्छ । गएको स्थानीय निर्वाचनबाट उदाएका स्वतन्त्र उम्मेदवारहरू काठमाडौं महानगरबाट बलिन्द्र साह (बालेन), धनगढी उपमहानगरपालिकामा गोपाल हमाल, धरान उपमहानगरपालिका हर्कराज साम्पाङ राईलगायत विभिन्न स्थानीय निकायका प्रमुख पदमा आफ्नो सानदार विजय हासिल गरे । त्यस्तै संघिसभामा पनि नयाँ राजनीतिक दलका रूपमा रवि लामिछानेको नेतृत्वमा संसद्मा नयाँ युवाहरू चौथो शक्ति भएर उदाउन सफल भए । शहीदले बगाएको रगतको अपमान हुनेछैन । घाइते-अपांग र बेपत्ता योद्दाहरूको उचित सम्मान र व्यवस्थापन गरिनेछ । भ्रष्टाचार, कालोबजारी, तस्करी र हत्या हिंसा बलात्कार लुटपात बन्द हुनेछ । राष्ट्रिय पुँजिपति, औद्योगिक, कलकारखाना राष्ट्रिय पुँजीको संरक्षण र प्रबर्द्धन् गरिनेछ भन्ने आममा विश्वास, भरोसा लागेको थियो तर त्यस्तो भने भएन त्यसको ठीक उल्टो अवस्था सिर्जना भयो । सम्पूर्ण व्यवसाय धरापमा पर्दै गयो । आत्महत्या, अराजकता, हिंसा, विध्वंश नरसंहार, अहंकार, घमण्डले सिंगो मुलुक क्षतविक्षत हुन पुग्यो । जसका कारण नवयुवाहरू प्रति पलाएको राष्ट्रवाद भ्रष्ट नेतृत्वप्रतिको आक्रोश, सुशासनप्रतिको जागरण र शासकले गरेको सामाजिक सञ्जालप्रतिको प्रतिबन्ध परिवर्तनकारी विद्रोही ज्वालामुखी भएर दन्कियो । जसका कारण परम्परागत हैकमी अप्राकृतिक आलोपालोको गठबन्धन शासकको स्वर्गको रजाइँ छिनभरमै खरानीमा परिणत भयो । लुटको लंकामा आगो झोसियो नेताहरूको भागदौड चल्यो । सत्ता ढल्यो संसद् जल्यो तर पनि अहंकार र घमण्ड जिउँदै रह्यो । कयौं कलिला मुनाहरू निमोठिए, कयौं आमाका काख रित्तियो, फेरि निर्दोष बालबालिकाको रगतको आलमाथि नयाँ शासकको रजाइँ उही पुरानै प्रवृत्तिले चलेको छ । नयाँ भन्नेमा नयाँपन देखिएन किनकि हामी उही सामाजिक उत्पादन प्रणाली, विदेशी प्रभुको दासत्व, स्वतन्त्र पार्टी निर्माण, पुरानै निर्वाचन प्रणाली, सार्वभौमप्रतिको उदासिनता विदेशी हस्तक्षेपमाथिको मौनता एवं नयाँ-पुराना दल र नेतृत्वको अवसरवाद र स्वार्थ पलायनवादी चरित्रका कारण चुनावदेखि चुनावसम्मको निरन्तर यात्राले मुलुकको भविष्य अन्यौलतर्फ धकेलिने निश्चित छ । फेरि समाजको गति पछि हट्ने पक्षमा छैन, पुरानाले मुलुकको ढुकुटी मुसाले झैं रित्याए, त्यसैले जनताले मुसा मार्ने बिरालो खोजेका हुन् । मिलिजुली दूधको कुँडे रित्याउने नयाँ चोर बिरालो खोजेका होइनन् । नयाँहरूले समानुपातिक बन्द सूचीमा गरेको जान्नेलाई छान्ने असमानताको घिनलाग्दो चरित्रले सत्तामा पुगेर कुशासन, अपारदर्शिता र अजवाफदेहिताको थोत्रो डम्फु फेरि नयाँ हातले नबज्ला भन्न कसरी सकिएला ? आज नयाँ जोगी होइन नेपाली समाजलाई त्यागी साधु चाहिएको छ । राजनीतिमा विश्वास कठिन बन्दै गएको छ । समाजको व्यवहार नेतृत्वको गुण र सत्तासँग सम्बन्धित हुन्छ । नागरिकले हाम्रो व्यवहार, चरित्र र कर्तव्यप्रति इमानदार हुन सकेनौं भने हामीले निर्माण गर्ने नेतृत्व तानाशाही र अवसरवादी हुने गर्दछ तसर्थ चेतनाको आँखा खुल्न जरुरी छ । जीवनका गहिरो अर्थ यथार्थपरक हुने गर्दछ । परिवर्तन आफैबाट सुरु गर्न जरुरी छ । नयाँ-पुरानो भौतिक आधारमा होइन विचार, सिद्धान्त र सामाजिक अन्तरविरोधको पहिचान र त्यसको हल गर्ने सामर्थ्यको आधारमा निर्माण हुने गर्दछ । त्यसको पछिल्लो उदाहरण रास्वपा र उज्यालो पार्टीबीचको एकता र विभाजनले नयाँ भन्नेहरूमा देखिएको राजनीतिक वैचारिक अक्रमन्यता र समानुपातिक निर्वाचनमा बुझाइएको बन्दसूचीले उदांगो पार्दछ । आगामी निर्वाचनले एउटा सभ्रान्त समूहबाट खोसेर अर्को नयाँ सभ्रान्त समूहको हातमा सत्ता नपुऱ्याओस् सबैमा यही छ शुभकामना ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काम गर्ने जोशले काम सहज बन्नेछ। आर्थिक पक्ष बराबरी हुनेछ। | **तुला** : मान्यजनको आशिर्वाद लिएर उहाँहरुकै सल्लाहमा काम गर्दा फाईदा हुनेछ। |
| **वृष** : गरिरहेको कार्य कायम राख्दा कार्यमा सफलता मिल्नेछ। सम्बनध सुमधुर रहनेछ। | **वृश्चिक** : साथ दिनेहरुको कमी हुनेछैन। खेलमा उत्कृष्ट नतिजा हात लाग्नेछ। |
| **मिथुन** : धैर्यता र संयमता अपनाउनुहोला। झैझगडामा नपर्दा हितकर हुनेछ। | **धनु** : एउटामा अडिग भएर कार्य गर्नुहोला। शिक्षाको विषय सामान्य रहनेछ। |
| **कर्कट** : चञ्चलता देखिए पनि निर्णय सोचविचार गरेपछि लिनु उपयुक्त हुनेछ। | **मकर** : मनमा शान्ति र मुहारमा कान्ती रहनेछ। आँटि बमोजिम कार्य सम्पन्न हुनेछन्। |
| **सिंह** : गरेको मेहनतो राम्रो प्रतिफल मिल्नेछ। नोकरीमा सम्मान पाउने योग रहेको छ। | **कुम्भ** : मनमा दोधारपना आउन सक्छ। अचानक खर्चको योग पनि बनेको छ। |
| **कन्या** : पढाईलाई अझै निखार्ने समय र हेको छ। नतिजा हात लाग्नेछ। | **मीन** : आर्थिक रुपमा दिन शुभ रहनेछ महत्त्वपूर्ण सामान जोड्ने योग रहेको छ। |

कला मनोरञ्जन


# शिल्पा शेट्टीका श्रीमान् राज कुन्द्रामाथि मुद्दा चल्ने



बलिउड अभिनेत्री शिल्पा शेट्टीको श्रीमान् राज कुन्द्रामाथि मुद्दा चल्ने भएको छ । बिट्क्वाइन घोटाला मामिलामा निर्माता एवम् अभिनेतासमेत रहेका कुन्द्राको नाममा मुम्बईस्थित सम्पत्ति शुद्धीकरण अदालतले समन जारी गरेको छ । प्रवर्तन निदेशालय (ईडी)को तर्फबाट दायर भएको उजुरीलाई संज्ञानमा लिँदै अदालतले यो कदम चालेको हो । यो मुद्दामा दुबईमा रहँदै आएका व्यापारी राजेश सतीजाको नाममा पनि समन जारी गरिएको छ । दुवै जनालाई अदालतमा उपस्थित हुन आदेश दिइएको छ । ईडीले सेप्टेम्बर २०२५ मा यस मुद्दामा पूरक आरोपपत्र दायर गरेको थियो । यसमा राज कुन्द्रा र राजेश सतीजालाई आरोपी बनाइएको छ । यो मुद्दा कुख्यात गेन बिटक्वाइन पोन्जी घोटालासँग जोडिएको छ । अनुसन्धान एजेन्सीका अनुसार यस घोटालाका मास्टरमाइन्ड र प्रवर्द्धन अमित भारद्वाजले युक्रेनमा बिटक्वाइन खानी फार्म स्थापना गर्न राज कुन्द्रालाई २८५ वटा बिटक्वाइन दिएका थिए । तर यो परियोजना पूरा भएन । राज कुन्द्रासँग अझै पनि यी २८५ बिटक्वाइनहरू भएको ईडीको दावी छ । अहिले यसको मूल्य १५० करोड रुपैयाँभन्दा बढी भएको अनुमान गरिएको छ । राज कुन्द्राले आफूलाई सम्झौतामा केवल मध्यस्थकर्ताको रूपमा वर्णन गरे पनि यसलाई समर्थन गर्न कुनै ठोस कागजातहरू प्रस्तुत गर्न असफल भएको आरोपपत्रमा भनिएको छ । ईडीका अनुसार राज कुन्द्रा र महेन्द्र भारद्वाजबिच 'टर्म शिट'मा हस्ताक्षर गरिएको थियो । यसले स्पष्ट रूपमा वास्तविक सम्झौता राज कुन्द्रा र अमित भारद्वाजबिच भएको संकेत गरेको भनिएको छ । लेनदेन भएको सात वर्षभन्दा बढी बितिसक्दा पनि राज कुन्द्रालाई विभिन्न किस्ताहरूमा प्राप्त बिटक्वाइनको सही संख्या स्पष्ट रूपमा याद भएको ईडीको भनाइ छ । यसले यो सम्झौतामा पनि केवल मध्यस्थकर्ता मात्र थिएनन्, बरु वास्तविक लाभार्थी भएको एजेन्सीको दावीलाई बलियो बनाएको भनिएको छ ।

*-रातोपाटी डटकम*

# फिल्म 'श्री बुकुरोः द होम कलिङ' फागुनमा आउने




सुदीप भुपाल सिंहको लेखन तथा निर्देशन रहेको फिल्म 'श्री बुकुरोः द होम कलिङ' को प्रदर्शन मिति घोषणा गरिएको छ । निर्माताले सोमबार फिल्मको एक पोस्टर सार्वजनिक गर्दै आगामी फागुन १ गतेबाट देशव्यापी प्रदर्शनमा आउने घोषणा गरेका हुन् । फिल्ममा अभिनय गरेका सम्पूर्ण मुख्य कलाकार समावेश फिल्मको सोमबार सार्वजनिक स्केच पेन्टिङ पोस्टर आकर्षक देखिन्छ । यसले फिल्मप्रति दर्शकको ध्यान खिच्न सफल हुने विश्वास छ । विशुद्ध पारिवारिक तथा मनोरञ्जनात्क फिल्म 'श्री बुकुरो' का यसअघि सार्वजनिक टिजर तथा पोस्टरले दर्शकको ध्यान तानेका छन् । यो फिल्मबाट निर्देशक सुदीप भुपाल सिंह ७ वर्षपछि निर्देशनमा फर्किएका हुन्। यसअघि उनले 'माला' र 'रूप्रिया' को निर्देशन गरेका थिए। पछिल्लो समय सामाजिक पारिवारिक फिल्मले दर्शकको मन जितिरहेको अवस्थामा 'श्री बुकुरो' को विशुद्ध पारिवारिक कथालाई दर्शकले रूचाउने विश्वास निर्देशक सिंहको छ । यो फिल्म अहिले पोस्ट प्रोडक्सनको अन्तिम चरणमा रहेको उनले बताए । फिल्म रेञ्जको ब्यानरमा निर्माण भएको फिल्ममा आशीर्वाद क्षेत्री, लक्ष्मी गिरी, निकिता आचार्य, प्रतीकराज आचार्य, रोशनी कार्की, राजन इशान, दीपिका थापा, लय संग्रौला, मोहन निरौला, रामबाबु रेग्मी, रश्मी भट्ट, उत्तम केसी, गीता थापा, सपना श्रेष्ठ, आशिका शाही, दीपक कार्की, रजिना विश्वकर्मालगायत कलाकारको अभिनय छ । फिल्म रुबी सेन सिंहले निर्माण गरेकी हुन् । सुरज तामाङ र प्रवीण सिंहको कोरियोग्राफी, आईडिम एनिमेसनको भिएफएक्स, मनोरञ्जन श्रेष्ठको कलर, बनिष शाह, चन्दन दत्त र परिच्छेद सेनको सम्पादन, सञ्जय लामा र राजेश श्रेष्ठले छायांकन रहेको फिल्म मुस्ताङ, बाग्लुङ, कास्की, दमौली, मकवानपुर र काठमाडौंमा खिचिएको हो । फिल्मको गीतमा रञ्जीत गजमेर, बसन्त सापकोटा र विक्रम कार्कीको संगीत तथा शिव परियार, विशेष पौडेल, युक्ति विमली, सविन सुवेदी र सन्देश पौडेलको स्वर सुन्न सकिनेछ ।

*-सेतोपाटी डटकम*

# अवसरवादी भएको आरोपबारे के भन्छिन् रीमा ?



अभिनेत्री रीमा विश्वकर्माले राजनीतिक यात्रा सुरू गरिसकेकी छिन् । पूर्व ऊर्जामन्त्री कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीबाट राजनीतिमा होमिएकी उनी अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)मा छिन् । घिसिङको पार्टी रास्वपामा समाहित हुने भएपछि उनलाई समानुपातिक सूचीमा राखिएको थियो । पछि उज्यालो पार्टी रास्वपाबाट अलगियो । तर, रीमा भने त्यहीं बसिन् । रास्वपाको दलित महिला क्लस्टरतर्फ पहिलो नम्बरमा रहेकी उनले आफू समानुपातिक सांसद बन्ने निश्चित देखिएपछि कुलमानको साथ छाडेको भन्दै यतिबेला उनको आलोचना भइरहेको छ । कतिपयले उनलाई अवसरवादीको संज्ञा समेत दिएका छन् । तर, उनले जनताको एकताको चाहनालाई मध्यनजर गर्दै आफू रास्वपामै बसेको बताएकी छन् । आइतबार रास्वपा कार्यालय पुगेकी उनले पत्रकारसँग भनिन्, 'जनताको प्रतिनिधि पात्र भएपछि उचित समयमा देश र जनतालाई केन्द्रमा राखेर उचित निर्णय लिन सक्नुपर्छ । चाहे त्यो राजनीतिक संकटको बेला होस् वा नैतिक चुनौतीकै बेला किन नहोस् । त्यही कारण अहिले जनताको एकताको चाहनालाई मध्यनजर गर्दै मैले रास्वपाबाट राजनीतिक यात्रालाई निरन्तरता दिने निर्णय गरेँ ।' उनले उज्यालो नेपाल पार्टीमार्फत आफूले जननेतृत्व लिने अवसर पाएकोमा कुलमानप्रति कृतज्ञता व्यक्त गरेकी छन् । भन्छिन्, 'कुलमानजीप्रति कृतज्ञ छु कि उज्यालो नेपाल पार्टीमार्फत मैले जननेतृत्व लिने अवसर पाएँ । तर, यो अवसरलाई मैले अझै प्रमाणित गर्न बाँकी नै छ । र, योसँग आइलाग्ने सबै खालका चुनौतीलाई आत्मसात गर्न म तयार छु ।' रास्वपामै बस्ने निर्णय गरेपछि रीमा यतिबेला पार्टीका हरेक गतिविधिमा संलग्न भइरहेकी छन् । सोमबार जनकपुरमा हुन लागेको रास्वपाको चुनावी सभामा पनि उनी सहभागी भएकी छन् । अब उनी देश दौडाहामा निस्कने तयारीमा छिन् । राजनीतिक यात्रा सुरू गरेसँगै उनको पहिरनदेखि बोल्ने शैलीमा समेत परिवर्तन आएको छ । अचेल उनी साडीमा बढी देखिने गरेकी छन् ।

*-फिल्मी खबर डटकम*

# 'भाइरल गोर्खे' प्रवर्द्धन गर्न जिल्ला दौडाहामा निस्किए सौगात-सृष्टि



आफू अभिनित फिल्म 'भाइरल गोर्खे' प्रवर्द्धनको लागि अभिनेता सौगात मल्ल र अभिनेत्री सृष्टि श्रेष्ठ मोफसल टूरमा निस्किएका छन् । त्यहाँ उनीहरूले फिल्मको प्रचारप्रसार गर्नेछन् । आइतबार पोखरादेखि सुरु भएको टूर त्यसपछि चितवनमा पुगेको छ । त्यसपछि क्रमशः बुटवल, नेपालगञ्ज, विराटनगर, इटहरी, दमक र विर्तामोड पुगेर दर्शकलाई भेट्ने तयारी छ । 'हामीले पोखरा र चितवनमा पुगेर दर्शक भेट्यौं । अन्य सहरमा पनि पुग्ने कार्यक्रम छ । दर्शकको प्रतिक्रियाले हामीलाई उत्साहित तुल्याएको छ' सौगातले भने । निर्माता महेश लामिछाने पनि कलाकारसँगै प्रवर्धन यात्रामा निस्किएका छन् । मोफसलमा दर्शकबाट मिलेको उत्कृष्ट प्रतिक्रियाले फिल्मको व्यवसायलाई फाइदा पुग्ने आशा उनको छ । यसैबीच फिल्मले नयाँ गीत समेत सार्वजनिक गरेको छ । सोमबार सार्वजनिक 'डाँडा काँडा बन चाहारी' बोलको गीतमा रोहित शाक्यको संगीत तथा जसोन कुँवरको शब्द रचना, त्रिशला गुरुङ र दीपक लिम्बुको स्वर छ । सार्वजनिक गीतमा टिकटकमा भाइरल पात्र अचानक गुमनाम भएपछिको अवस्थालाई चित्रण गरिएको छ । जसले फिल्मप्रति दर्शकीय कौतुहलता जगाउने देखिन्छ । सामाजिक सञ्जालमा भाइरल बन्न मुख्य पात्रले गर्ने संघर्षको कथावस्तुमा बनेको फिल्मले भाइरल प्रवृत्तिलाई प्रश्न र व्यंग्य गर्छ । फिल्ममा सौगात र सृष्टि लामो समयपछि पुनः एकसाथ देखिएका छन् । यसअघि 'छड्के', 'लालपुर्जा' र 'छड्के २' जस्ता फिल्म निर्देशन गरिसकेका निगम श्रेष्ठले 'भाइरल गोर्खे' निर्देशन गरेका हुन् । एके ब्रदर कम्पनी, द जिएमआई एकेडेमी र निर्वाण फिल्म स्कुलको ब्यानरमा निर्माण भएको फिल्ममा बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, ऋषि धमला रवि भुजेल र मिस पवीको अभिनय छ । अमित श्रेष्ठ, विशाल ताम्राकार, लामिछाने र केवलजंग कुँवर निर्माता रहेको फिल्मको सह-निर्माता निर्वाण फिल्म स्कुल, भुवन अधिकारी र निखिल पौडेल हुन् ।

*-अनलाइन खबर डटकम*

# पाल्पा प्यारागनलाई 'राष्ट्रिय एस क्यू सि स्कूल अवार्ड'




**पाल्पा,** माघ ६/पाल्पा तानसेनमा रहेको पाल्पा प्यारागन इङ्गलिश बोर्डिङ स्कूललाई 'राष्ट्रिय एस क्यू सि स्कूल अवार्ड' २०२६ प्रदान गरिएको छ । क्वेस्ट नेपालको आयोजनामा सेन्ट म्यारी स्कूल पोखरामा भएको १९औँ राष्ट्रिय विद्यार्थी गुणस्तर वृत्त सम्मेलन (एन सि एस क्यू सि) मा उत्कृष्ट प्रदर्शन गर्दै स्कूललाई अवार्ड प्रदान गरिएको हो ।

देशभरका १८३ विद्यालयमध्ये उत्कृष्ट तीन विद्यालयको सूचीमा पर्दै अवार्ड हासिल गरिएको स्कूलका प्रिन्सिपल गंगाबहादुर खत्रीले बताए । उनले भने "हामीले शिक्षण-सिकाइ, विद्यार्थी सहभागिता, नेतृत्व विकास, समस्या समाधान क्षमता, सहकार्य र समग्र व्यवस्थापनमा उत्कृष्टता प्रदर्शन गरेकै कारण अवार्ड हात पार्न सफल भएका हौं ।" राष्ट्रिय सम्मेलनमा स्कूलबाट सहभागी छात्रा शियसी सारूले ट्रेजर हन्ट प्रतियोगितामा प्रथम स्थान प्राप्त गर्न समेत सफल भएकी छन् । राष्ट्रिय अवार्ड प्राप्त गर्नुको साथै ट्रेजर हन्टमा समेत प्रथम हुनुले विद्यालयको गरिमालाई थप उचाईमा पुऱ्याएको प्रिन्सिपल खत्रीले विश्वास व्यक्त गरे । उनले भने "शिक्षक-शिक्षिकाको अथक प्रयास, अभिभावकको विश्वास र सहयोग, विद्यार्थीहरुको लगनशीलता र शुभचिन्तकहरूको सद्भावको संयुक्त परिणाम नै हाम्रो सफलता हो ।" एस क्यू सी एक विद्यार्थी गुणीयचक्र प्रक्रिया हो । यसले विद्यार्थीहरुको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्न महत्वपूर्ण भूमिका खेल्दछ । विद्यार्थीलाई गुड र स्मार्ट क्वालिटीको बनाउन एन सी एसक्यूसी महत्वपूर्ण हुने प्रिन्सिपल खत्रीले विश्वास लिए । उनले भने "हाम्रो शिक्षा प्रणालीमा प्राप्तांकले विद्यार्थीमा योग्यतताक्रम हासिल भए पनि विशेष सीप नहुने हुँदा समस्या भएको छ ,यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने छ ।" "पढेर धेरै नम्बर ल्याउनुपर्छ भन्ने मात्रै सोंच छ । अहिलेका समालोचनात्मक चिन्तन, आत्मबोध, आत्ममूल्याङ्कन जस्ता सीप नै छैन । यस्ता सीप विद्यार्थीहरुका लागि आवश्यक छ" खत्रीले भने । स्कूलले विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्ने र उनीहरुमा भएको क्षमताको खोजी गर्ने उद्देश्यले बेला बेलामा स्कूलमै एन सि एस क्यू सि आयोजना गर्ने र अन्यत्र हुने सम्मेलनमा समेत विद्यार्थीहरुलाई सहभागी गराउँदै आएको छ ।

## देशभर उत्साहजनक...

...आयोगले भने उम्मेदवारी दर्ता गर्न जाँदा कुनै पनि तडकभडक नगर्न, शान्तपूर्वक र मर्यादित भएर निर्वाचन कार्यालय पुग्न सबै राजनीतिक दल तथा सम्बद्ध उम्मेदवारहरूलाई आग्रह गरेको थियो । दुई निर्वाचन क्षेत्र रहेको पाल्पामा राजनीतिक दल र स्वतन्त्र गरी ३० जनाले उम्मेदवारी दर्ता गरेका छन् । प्रतिनिधिसभा क्षेत्र नं १ मा ९ राजनीतिक दल र ४ स्वतन्त्र गरी १३ जनाको उम्मेदवारी परेको निर्वाचन अधिकृत दशरथ पंगेनीले बताए । त्यसैगरी क्षेत्र नं २ मा १४ राजनीतिक दल र ३ स्वतन्त्र गरी १७ जनाको उम्मेदवारी परेको सहायक निर्वाचन अधिकृत केशव पराजुलीले जानकारी दिए ।

आयोगले भीडभाड कम गराउने र उम्मेदवारी दर्ता सहज बनाउने उद्देश्यले समय समेत निर्धारण गरेको थियो । माघ ७ गते बिहान १० देखि दिउँसो ३ बजेसम्म मनोनयन पत्र दर्ता भएको उम्मेदवारको विरोधमा उजुरी दिने अवधि निर्धारण गरिएको छ । माघ ७ गते दिउँसो ३ देखि माघ ८ गते बेलुका ५ बजेसम्म मनोनयनपत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरी त्यसै दिन बेलुकी ५ देखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिने छ । माघ ९ गते बिहान १० देखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ । माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी त्यसै दिन दिउँसो ४ देखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने कार्यक्रम रहेको आयोगले जनाएको छ ।

आयोगले यसअघि समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारको अन्तिम सूची सार्वजनिक गरिसकेको छ । कूल २७५ सदस्यीय प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० जना चयन हुनेछन् भने प्रत्यक्ष प्रणालीमार्फत १६५ निर्वाचित हुने व्यवस्था छ । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपछि निर्वाचन प्रयोजनका लागि गठन भएको अन्तरिम सरकारले निर्वाचनका लागि आवश्यक साधन र स्रोत उपलब्ध गराएको छ । निर्वाचन सुरक्षाका लागि निर्वाचन प्रहरी छनोटको प्रक्रिया सुरु गरिसकेको छ । आयोगले निर्धारण गरेको कार्यसूची अनुसार नै देशभर उम्मेदवारको मनोनय भएको हो । विसं २०७९ मा भएको प्रतिनिधिसभा गत भदौको आन्दोलनका कारण विघटन भएपछि नयाँ निर्वाचन हुन लागेको हो । देशभर १ करोड ८९ लाख ३ हजार ५६ सय ८९ मतदाता छन् । १ सय ६५ निर्वाचन क्षेत्रमा खोलिएका निर्वाचन अधिकृत कार्यालयलाई मनोनयन प्रयोजनका निम्ति आवश्यक पर्ने मतदाता नामावली पुस्तिका पठाइसकिएको आयोगले जनाएको छ । यस्तै निर्वाचन प्रयोजनका लागि नेपाललाई भारत सरकारले ६१ वटा गाडी दिएको छ । गृह मन्त्रालयमा मंगलबार आयोजित एक समारोहका बीच भारतीय राजदूतावासले गृहमन्त्रालयलाई ६१ वटा गाडी उपहारस्वरूप हस्तान्तरण गरेको हो । पहिलो चरणमा ६१ वटा गाडी ल्याइएको र बाँकी गाडी क्रमशः आउने गृह मन्त्रालयले जनाएको छ । भारत सरकारले ३८८ वटा गाडी उपलब्ध गराउने प्रतिबद्धता जनाएको थियो । निर्वाचन अघि नै भारतले ३८८ वटा गाडी उपलब्ध गराउने जनाएअनुसार आउने क्रममा रहेको र ६१ वटा गाडी मन्त्रालयले प्राप्त गरेको मन्त्रालयले जनाएको छ ।

खेलकुद समाचार

## मच्छिन्द्रले मनाङ मर्स्याङ्दी क्लबलाई हरायो




**काठमाडौं,** माघ ६/राष्ट्रिय लिग फुटबलमा मच्छिन्द्र फुटबल क्बलले मनाङ मर्स्याङ्दी क्लबलाई हराएको छ । त्रिपुरेश्वरमा रहेको दशरथ रङ्गशालामा सोमबार बेलुकी भएको खेलमा मच्छिन्द्रले मनाङ मर्स्याङ्दीलाई २-१ गोलले हरायो । मच्छिन्द्रका सोनिस श्रेष्ठ र जोनाथन जोरिल्लाले समान १ गोल गरे । मनाङ मर्स्याङ्दीका विशेष लामाले १ गोल गरे । अखिल नेपाल फुटबल सै (एन्फा) को आयोजनामा भएको राष्ट्रिय लिग फुटबलमा 'ए' डिभिजनका १३ र एन्फा प्रेसिडेन्ट लिगका ४ गरि १७ वटा टोली सहभागी छन् । सिङ्गल राउन्ड रोबिनका आधारमा सञ्चालन हुने लिगमा कूल १ सय ३६ खेल हुनेछन् । राष्ट्रिय लिगका खेलहरू दशरथ रङ्गशाला, च्यासल रङ्गशाला र एन्फा कम्प्लेक्समा भइरहेका छन् । लिगको विजेताले ५० लाख रुपैयाँ पुरस्कार पाउने छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्से ४२ अङ्कले वृद्धि



**पाल्पा,** माघ ६/मंगलबार नेप्से परिसूचक उच्च अंकले कउद्धि भएको छ । नेप्से ४२ दशमलव २६ अङ्कले बढेको हो ।

नेप्से वृद्धिसँगै कारोबार रकममा पनि उल्लेख्य सुधार देखिएको छ । नेप्से बढेसँगै दुई हजार ७ सय १४ दशमलव ८१ को बिन्दुमा कायम भएको छ । यो एक दशमलव ५८ प्रतिशतको वृद्धि हो । सो अवधिमा ३ सय ३९ कम्पनीको दुई करोड ५१ लाख ८५ हजार ६ सय ४७ कित्ता शेयर एक लाख १५ हजार १ सय ८१ पटक खरिदबिक्री हुँदा ११ अर्ब ८५ करोड ८४ लाख २१ हजार ७० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा सबै समूहको उपसूचक बढेको छ । बैङ्किङ एक दशमलव २४, विकास बैङ्क एक दशमलव ४५, वित्त शून्य दशमलव ९७, होटल तथा पर्यटन तीन दशमलव ३६, जलविद्युत् एक दशमलव ७७ र लगानी समूह दुई दशमलव ५४ प्रतिशतले बढेको छ । त्यस्तै, जीवन बीमा एक दशमलव ८६, उत्पादन तथा प्रशोधन एक दशमलव ३९, लघुवित्त एक दशमलव ५४, म्युचुअल फन्ड एक दशमलव ०४, निर्जीवन बीमा एक दशमलव ६५, व्यापार शून्य दशमलव ३७ र अन्य समूह एक दशमलव ४४ प्रतिशतले बढेको छ । कारोबारमा गुर्खाज फाइनान्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने एसबिएल डिबेञ्चर २०८९ को शेयर मूल्य चार दशमलव २३ प्रतिशतले घटेको छ । सबैभन्दा धेरै घाटा भने एसबीएल डिबेन्चरका लगानीकर्ताले बेहोरेका छन् । यो धितोपत्रको मूल्य ४.२३ प्रतिशतले घटेको छ । प्राइभ डिबेन्चर, सुपरमादी हाइड्रो, सामलिङ पावर सहित धितोपत्रको मूल्यसमेत धेरैले घटेको देखिएको छ । सबैभन्दा धेरै कारोबार एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्टको भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई